नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

पत्र संख्या:-२०७६/०७७ मिति:-२०७६/०९/१३

चलानी नं.:- २२९

विषय:- नेपाल भ्रमण वर्ष, २०२० को प्रबर्द्धनका लागि सरकारी एवम् सार्वजनिक निकायले गर्नुपर्ने कार्यजिम्मेवारी सम्बन्धमा ।

श्री स्थानीय तह सबै, (७५३) ।

प्रस्तुत विषयमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प.सं. २०७६/०७७, च.नं. २२९, मिति २०७६/०९/०८ को नेपाल भ्रमण वर्ष २०२० को प्रबर्द्धनका लागि सरकारी एवम् सार्वजनिक निकायले गर्नुपर्ने कार्यजिम्मेवारी सम्बन्धमा प्राप्त पत्र संलग्न छ । सो सम्बन्धमा थप व्यहोरा पत्रबाटै अवगत गर्नुभई नेपाल भ्रमण वर्ष, २०२० को समुद्घाटन मिति २०७६ पौष १६ गते ( तदनुसार जनवरी १, २०२० ) मा हुने भएकोले उक्त अवसरमा पौष १५ र १६ (डिसेम्बर ३१, २०१९ र जनवरी १, २०२०) मा सबै सरकारी निकायमा दीपावली गर्ने लगायतका अन्य व्यवस्था गर्नुहुन आदेशानुसार अनुरोध छ ।

जनकराज शर्मा

शाखा अधिकृत

**बोधार्थ:-**

श्री संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।

श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन ।

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाण्डौ नेपाल

visit Nepal 2020

पत्र संख्या :- २०७६।०७७

च नं. :- २२५

निजामती कर्मचारीको प्रतिबद्धता: पारदर्शिता र चुस्तता

श्रीमान् सचिवज्यू

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार ।

**विषय - नेपाल भ्रमण वर्ष, २०२० को प्रबर्द्धनका लागि सरकारी एवम् सार्वजनिक निकायले गर्नुपर्ने कार्यजिम्मेवारी सम्बन्धमा ।**

नेपाल सरकारले कम्तिमा २० लाख वार्षिक पर्यटक भित्र्याउने लक्ष्य सहित नेपाल भ्रमण वर्ष, २०२० अभियान घोषणा गरेको छ । यस अभियानलाई प्रभावकारी रुपले संचालन गर्न सरकारी एवम् सार्वजनिक निकायले गर्नुपर्ने कार्यजिम्मेवारी सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६।७।२९ को बैठकबाट देहाय बमोजिम निर्णय भएको हुँदा उक्त निर्णयहरु कार्यान्वियन हुन तथा नेपाल भ्रमण वर्ष, २०२० को समुद्घाटन मिति २०७६ पौष १६ गते (तदनुसार जनवरी १, २०२०) मा हुने भएकोले उक्त अवसरमा पौष १५ र १६ (डिसेम्बर ३१, २०१९ र जनवरी १, २०२०) मा सबै सरकारी निकायमा दीपावली गर्ने व्यवस्था हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७६।९।८ को निर्णयानुसार अनुरोध गर्दछु ।

**नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६।७।२९ को बैठकको निर्णय-**

१. नेपाल सरकारका मन्त्रालय एवम् विभाग, सार्वजनिक संस्थान लगायतका सवै सार्वजनिक निकायबाट नेपाल भ्रमण वर्ष, २०२० लाई राष्ट्रिय अभियानको रुपमा अपनत्व लिने तथा यस्ता निकायहरुका वेवसाइट लगायतका अन्य आधिकारिक सामाजिक संजालहरुमा नेपाल भ्रमण वर्षको लोगो राख्ने तथा नेपाल भ्रमणवर्ष, २०२० को सचिवालयको वेवसाइट लिंक गर्ने, पत्राचारमा अनिवार्य रुपमा नेपाल भ्रमण वर्षको लोगो राख्ने र प्रकाशित हुने बुलेटिन लगायतका प्रकाशनमा नेपाल भ्रमण वर्ष सम्बन्धी लेख रचना र प्रचार सामाग्री समेत समावेश गर्ने गराउने ।

२. नेपाल सरकारका मन्त्रालयहरु तथा सवै सार्वजनिक निकायबाट विदेशमा गरिने भ्रमण तथा प्रतिनिधित्व हुँदा अनिवार्य रुपमा नेपाल भ्रमण वर्ष, २०२० को जानकारी दिने, वक्तव्य दिनुपर्दा यसको उल्लेख गरी नेपाल भ्रमण गर्न अनुरोध गर्ने ।

३. नेपालमा हुने अन्तर्राष्ट्रियस्तरका कार्यक्रममा अनिवार्य रुपमा नेपाल भ्रमण वर्षको प्रबर्द्धन डेस्क राखी प्रचार समाग्री एवम् उपहार दिने व्यवस्था नेपाल भ्रमण वर्ष, २०२० को सचिवालयसंग समन्वय गरी गर्ने गराउने ।

४. नेपालमा पर्यटकको आवागमन बढी हुने जस्ता प्रमुख पर्यटकीय गन्तव्य लगायत राष्ट्रिय राजमार्गका सडक तत्काल मर्मत गर्ने व्यवस्था भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले मिलाउने ।

५. सरकारी एवम् सार्वजनिक निकायका सवारी साधनमा अनिवार्य रुपमा नेपाल भ्रमण वर्ष, २०२० को लोगो टाँस्ने व्यवस्था नेपाल भ्रमण वर्ष, २०२० को सचिवालयसंग समन्वय गरी गर्ने गराउने ।

६. नेपालभित्र इन्टरनेट सेवा प्रदायक विभिन्न संस्थाहरुले इन्टरनेट सेवा खुल्दा नेपाल भ्रमण वर्षको लोगो सर्वप्रथम आउने व्यवस्था सूचना तथा संचार प्रविधि मन्त्रालयमार्फत मिलाउने ।

७. नेपालमा संचालित संचार माध्यमहरु रेडियो, टेलिभिजन र पत्रपत्रिकाबाट नेपाल भ्रमण वर्ष, २०२० को प्रचार सामाग्रीहरु कल्याणकारी कोषबाट उपलब्ध हुने सुविधा अनुरुप प्रकाशन तथा प्रशासरण हुने व्यवस्था सूचना तथा संचार प्रविधि मन्त्रालयले मिलाउने ।

(घनश्याम उपाध्याय)

सहसचिव

Website:- www.tourism.gov.np | Email: info@tourism.gov.np | Audio Notice Board : 1618014211669

फोन नं. - मन्त्री:०१-४२११८७९ | राज्यमन्त्री: ०१-४२११६२८ | सचिव: ०१-४२११८७० | जनशक्ति व्यवस्थापन तथा पर्यटन प्रबर्द्धन महाशाखा: ०१-४२११६६९,

योजना महाशाखा : ४२११६२० | हवाई सुरक्षा तथा प्रा. सु. महाशाखा: ४२११८४७ | हवाई उद्योग व्य.महाशाखा: ४२११६२४ | संस्कृति महाशाखा: ४२११९०९,

एक्चस्चेञ्ज नं. : ४२११८४६, ४२११८२५, ४२११४१६, ४२११८१८, ४२११७८५

फ्याक्स नं.: प्रशासन- ४२११७५८, मन्त्रीज्यूको सचिवालय ४२११९९२